# कटहरी गाउँपालिकामा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/६/१५

कटहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कटहरी, मोरङ

देवराज चौधरी

अध्यक्ष

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

# कटहरी गाउँपालिकामा
# स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

कटहरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा नेपाल सरकारबाट उपलब्ध गराईएका शिक्षक दरबन्दी कुनै तहमा हुँदै नभएका वा कम भएका, प्रतिकक्षा कम्तीमा एक दरबन्दी नभएका र बिद्यालयमा कार्यरत शिक्षक प्रसुती विदामा बसेको अवस्थामा पठनपाठन सुचारु गर्न गाउँपालिकाको आन्तरिक स्रोतबाट उपलब्ध गराइने शिक्षण सहयोग अनुदान कोटामा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न " कटहरी गाउँपालिका शिक्षा ऐन ,२०७६ " को दफा ५० ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "कटहरी गाउँपालिकामा "स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा, बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(१) "सामुदायिक बिद्यालय" भन्नाले कटहरी गाउँपालिका भित्र सरकारी अनुदान पाउने गरी संचालित विद्यालय सम्झनु पर्दछ ।

(२) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिका सम्झनु पर्दछ ।

(३) "शिक्षक दरबन्दी" भन्नाले सामुदायिक विद्यालयहरुमा उपलब्ध गराईएका शिक्षक दरबन्दी, राहत अनुदान कोटा सम्झनु पर्दछ ।

(४) "गाउँ शिक्षा समिति" भन्नाले कटहरी गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

(५) "स्वयंसेवक शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम छनौट भई सामुदायिक विद्यालयमा नियुक्ति हुने स्वयंसेवक शिक्षक सम्झनु पर्दछ ।

(६) " "गाउँ सभा" भन्नाले कटहरी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(७) "शिक्षा शाखा" भन्नाले कटहरी गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ ।

(८) " "कार्यपालिका" भन्नाले कटहरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

**३. स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउने आधारहरु :**

(१) स्वयंसेवक शिक्षक निम्न आधारमा उपलब्ध गरिनेछः

(क) कुनै तहमा एक पनि दरबन्दी नभएका वा पर्याप्त दरबन्दी नभएका विद्यालय ।

देवराज चौधरी
अध्यक्ष

CamScanner

(ख) कक्षागत शिक्षक दरबन्दी नभएको विद्यालय,

(ग) शिक्षक विद्यार्थी अनुपात बढी भएको विद्यालय,

(घ) नियमानुसार शिक्षक प्रसुति बिदा बसेको विद्यालय ।

(२) हरेक आर्थिक वर्षका लागि गाउँसभाले स्वयंसेवक शिक्षकका लागि छुट्याइएको बजेटको आधारमा गाउँ शिक्षा समितिले सो वर्षका लागि विद्यालयगत रुपमा स्वयंसेवक शिक्षक कोटा निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कोटा निर्धारण गर्दा उपदफा (१) को खण्ड (क), (ख),(ग) र (घ) का लागि छुट्टाछुट्टै कोटा निर्धारण गर्न सकिनेछ ।

४. योग्यता

(१) स्वयंसेवक शिक्षकमा उंम्मेदवार हुन देहाय बमोजिम न्युनतम योग्यता आवश्यक पर्नेछ ।

(क) आधारभूत तह (१-८) का लागि सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण ।

(ख) माध्यमिक तह (९-१०) का लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

(२) प्रचलित नेपाल कानुनले शिक्षकका लागि तोकेका योग्यता पूरा गरेको हुनुपर्नेछ । तर सहज उपलब्धताको दृष्टिले स्वयंसेवक शिक्षकका लागि शिक्षक अध्यापन अनुमति पत्र र तालिम अनिवार्य हुने छैन साथै उमेरको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

५. स्वयंसेवक शिक्षकको विषय :

(१) स्वयंसेवक शिक्षक विज्ञान/गणित र अंग्रेजी विषयमा मात्र नियुक्ति हुनेछन् । तर विज्ञान/गणित विषयमा पदपूर्ति भइसकेपछि मात्र अंग्रेजी विषयका लागि स्वयंसेवक शिक्षक व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित विषय बाहेक अन्य विषयमा स्वयंसेवक शिक्षक नियुक्ति गर्न गाउँपालिकाले पदपूर्ति अनुमति दिने छैन ।

३) उपदफा (१) , (२) मा जेसुकै लेखेको भएता पनि प्रसुति विदा बसेको शिक्षकले सट्टामा नियुक्त स्वयंसेवक शिक्षक विद्यालयको आवश्यकता अनुसारको विषयमा नियुक्त हुनेछ ।

६) पदपूर्ति अनुमति र विज्ञापन-

(१) स्वयंसेवक शिक्षकको कोटा प्राप्त भएपछि विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पदपूर्ति गर्न अनुमति माग गर्नुपर्नेछ ।

(२) दफा ५(१) बमोजिमका विषयमा विद्यालयले पदपुर्ति गर्न माग गरेपछि गाउँपालिकाले अङ्ग्रेजी र गणित /विज्ञान मध्ये विषय दोहोरो नपर्ने गरी कुनै एक विषयमा पदपुर्ति गर्न अनुमति दिनेछ ।

देवराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त भएपछि विद्यालयले कम्तिमा ७(सात) दिनको समय दिई विज्ञापन गर्नुपर्नेछ ।तर प्रसुति विदामा बसेको शिक्षकको सट्टामा नियुक्त हुने स्वयंसेवक शिक्षक विद्यालयले विज्ञापन नगरी वार्ताबाट सोझै नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विज्ञापनमा दरखास्त दिने अन्तिम मिति र शैक्षिक योग्यता उल्लेख भएको हुनपर्नेछ ।

(५) उम्मेदवारले निम्न कागजात सहित तोकिएको म्याद भित्र अनुसूची (१) बमोजिमको ढाँचामा विद्यालयमा निवेदन दिनुपर्नेछः

(क) नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

**(७) छनौट प्रकृया र परीक्षाको प्रकार :** (१) स्वयंसेवक शिक्षकको नियुक्ति प्रक्रिया "कटहरी गाउँपालिका शिक्षक छनौट कार्यविधि २०७७" अनुसार गर्नुपर्नेछ ।

तर स्वयंसेवक शिक्षक छनोट परीक्षा सन्चालन गर्दा समय र छनोट प्रकृयाको सहजतालाई मध्यनजर गरी देहाय बमोजिमको १२५ पूर्णाङ्कको परीक्षा मात्र सन्चालन गरी छनोट प्रकृया सम्पन्न गर्न सकिनेछ;

क) विषयगत परीक्षा – १०० पूर्णाङ्क (समय ३ घन्टा) र उत्तीर्णाङ्क – ४० हुनेछ।
ख) अन्तर्वार्ता – २५ पूर्णाङ्क (सामान्यतया न्यूनतम ३५ % र अधिकतम ७०% अंक दिनुपर्ने अन्यथा कैफियतमा लेखुपर्ने।)
ग) प्रयोगात्मक परीक्षा (आवश्यक लागेमा मात्र)- प्रचलित नियमानुसार हुने।

(२) उपदफा (१) बमोजिम छनौट भएर सिफारिस भएका उम्मेद्वारलाइ सम्बन्धित विद्यालयले करार सम्झौता गरी करार नियुक्ति गर्नुपर्नेछ ।

(३)उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारले ३ (तीन) दिन भित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम हाजिर नभएमा वैकल्पिक उम्मेद्वारलाई करार नियुक्ति दिइनेछ ।

(५) स्वयंसेवक शिक्षकको करार सम्झौता अनुसूची (२) बमोजिम हुनेछ ।

**८. छनौट सम्बन्धी विशेष व्यवस्था-** (१) गाउँपालिकाले यस कार्यविधिको दफा (३) बमोजिम विद्यालयहरुलाई स्वयंसेवक शिक्षक दरबन्दी उपलब्ध गराए पछि आवश्यक सङ्ख्यामा विज्ञापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन गर्नु पूर्व गाउँपालिकाको दरबन्दी पाएका विद्यालयहरुबाट आवश्यक विषयको विवरण संकलन गर्नुपर्नेछ ।

**९. स्वयंसेवक शिक्षकको काम ,कर्तव्यः** (१) स्वयंसेवक शिक्षकको काम कर्तव्य देहाय बमोजिम हुनेछः

(क) प्रशासनिक रुपमा विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रध्यानाध्यापक प्रति उत्तरदायी हुने र शैक्षिक रुपमा प्रध्यानाध्यापक प्रति उत्तरदायी हुनुपर्ने ।

देवराज चौधरी
अध्यक्ष

CS CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

(ख) विद्यालयद्वारा तोकिएको विषय र कक्षा अध्यापन गर्नु गराउनु ।

(ग) विद्यालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्नु ।

(घ) विद्यार्थीलाई सम्मानजनक र भेदभाव रहित व्यवहार गर्नु ।

(ङ) राजनैतिक व्यवहार र राजनैतिक आस्थाका व्यवहार नगर्नु।

(च) राष्ट्रियता, राष्ट्रिय एकता , सामाजिक सद्भभावमा प्रतिकूल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न पाइने छैन।

(छ) प्रचलित ऐन, नियमले शिक्षकका लागि तोकेको आचारसंहिताहरु पालना गर्नुपर्ने ।

**१०. पारिश्रमिक-** (१) यस कार्यविधि बमोजिम नियुक्ति हुने स्वयंसेवक शिक्षकले कटहरी गाउँपालिका गाउँसभाले पारित गरेको योजना, कार्यक्रम तथा बजेट बमोजिम पारिश्रमिक पाउनेछ ।

(२) कटहरी गाउँपालिकाले स्वयंसेवक शिक्षकको पारिश्रमिकमा समय समयमा समायोजन गर्न सक्नेछ ।

**११. विदाः** स्वयंसेवक शिक्षकले अन्य शिक्षकले पाए सरह भैपरी र पर्व विदा तथा सुत्केरी विदा मात्र पाउनेछ ।

**१२. स्वयंसेवक शिक्षकको अवकाशः** स्वयंसेवक शिक्षकको अनुदान कोटा एक आर्थिक वर्षका लागि हुनेछ । अर्को आर्थिक वर्षका लागि स्वयंसेवक शिक्षकको कोटा निरन्तर उपलब्ध नभएमा स्वयंसेवक शिक्षक स्वतः अवकाश हुनेछ ।

**१३. उजुरी-** (१) स्वयंसेवक शिक्षक दरबन्दी वितरण तथा स्वयंसेवक शिक्षक नियुक्ति प्रक्रियामा चित्त नबुझेमा ७ (सात) दिन भित्र उजुरी गर्न सकिनेछ ।

**१४.उजुरीको किनारा लगाउनेः** दफा १३. बमोजिम परेको उजुरीमा गाउँपालिकाले किनारा लगाउनेछ। गाउँपालिकाले यस संबन्धमा गरेको निर्णय नै अन्तिम हुनेछ ।

**१५. यस कार्यविधि बमोजिम हुने –** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

देवराज चौधरी
अध्यक्ष

CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अनुसूची-१

आवेदन फाराम

स्वयंसेवक शिक्षक हुन दिने निवेदनको ढाँचा

श्री प्रध्यानाध्यापक ज्यू,

..........................विद्यालय, कटहरी-....... मोरङ ।

विषयः स्वयंसेवक शिक्षकमा नियुक्ति पाउँ ।

उपर्युक्त सम्बन्धमा त्यस विद्यालयको मिति २०८..../...../....... मा प्रकाशित सूचना अनुसार म स्वयंसेवक शिक्षक पदमा नियुक्तिको लागि तोकेको शर्त र प्रकृया पालना गर्न मञ्जुर छु भनी आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलपी यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु ।

<u>निवेदकको विवरण</u>

१. निवेदकको नाम थर-

२. बाबुको नाम-

३. आमाको नाम-

४. ठेगाना-

५. सम्पर्क फोन नं.-

६. शैक्षिक योग्यताको विवरण-

| क.स. | शैक्षिक योग्यता | उत्तीर्ण गरेको शै.सं.को नाम | प्राप्ताङ्क प्रतिशत/ GPA | मूल विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदकको दस्तखतः

मितिः.................................

देवराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अनुसूची-२

करार सम्झौता फाराम

स्वयंसेवक शिक्षक करार सम्झौता

मोरङ जिल्ला कटहरी गाउँपालिका अन्तर्गतको.....................विद्यालयका लागि स्वयंसेवक शिक्षक करार गरी काम गराउने सम्बन्धमा ........................ विद्यालय (यस पछि प्रथम पक्ष भनिएको ) तथा ............ जिल्ला ..................नगर/गाउँ पालिका वडा नं......... बस्ने श्री.................................. (जसलाई यस पछि दोस्रो पक्ष भनिएको) बिच २०......./......./............ गते सम्पन्न करार सम्झौता ।

(१) दोस्रो पक्षले प्रचलित शिक्षा ऐन र नियमावली तथा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ अनुसार स्वयंसेवक शिक्षकको रुपमा काम गरी शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने ।

(२) दोस्रो पक्षले विद्यालय प्रशासनले तोके बमोजिमको विषय र कक्षाहरुमा अध्यापन गराउनुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा औसत उपलब्धी प्रति पूर्णरुपमा जवाफदेही रहने ।

(३) दोस्रो पक्षले विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रुपमा उपस्थित रहने र आवश्यकता अनुसार थप समय पनि प्रधानाध्यापकको निर्देशन अनुसारर काम गर्नुपर्ने ।

(४) दोस्रो पक्षले विद्यालय सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहभागीता जनाउने ।

(५) दोस्रो पक्षले विद्यालयको हितको लागि प्रधानाध्यापकको निर्देशनमा अन्य कार्यहरु गर्ने र विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति प्रति जवाफदेही हुनुपर्ने ।

(६) प्रथम पक्षले कटहरी गाउँपालिका स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ ले तोकेको सेवा सुविधा उपलब्ध गराउने ।

(७) स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८१ अनुसार कार्यसम्पादन नभएको वा आचार संहिता पालना नभएको पाइएमा प्रथम पक्षले आवश्यक सफाईको मौका दिई जुन सुकै बेला स्वयंसेवक शिक्षकबाट हटाउन सक्नेछ ।

(८) यो करार सम्झौता मिति २०......../....../....... गते बाट मिति २०....../....../...... सम्म लागू हुनेछ ।

| दोस्रो पक्ष: | प्रथम पक्ष: |
|---|---|
| नाम:................................। | नाम:......................................... |
| ठेगाना:................................ | विद्यालय:.................................... |
| हस्ताक्षर: ............................ | हस्ताक्षर: ................................ |

रोहबर

(१) नाम:....................................

दस्तखत:...............................

मिति- २०......../....../.........

देवराज चौधरी
अध्यक्ष